प्रधान कार्यालय
सामान्य सेवा विभाग

**यस बैंकको लागि आवश्यकMaintenance Free VRLA 75 Ah/ 12V ब्याट्रि३२ थान खरिद गर्नेबारेसिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति : २०७६/०५/२४)**

१.दरभाउपत्र फारमको लागि रु.१,०००/-(पछि फिर्ता नहुने गरी) यस बैंकको काठमाडौं बैकिङ्ग अफिस स्थित खाता नं.००२००१०६७११२८३००००01 मा जम्मा गरि, सो रसिदको आधारमा यस बैंकको सामान्य सेवा विभागबाट दरभाउपत्र फारम प्राप्त गर्न सकिनेछ ।

२.दरभाउपत्र फारममा आवश्यक सबै विवरण स्पष्ट रुपमा बुझिने गरी भर्नु पर्नेछ । केरमेट भएको ठाउँमा अनिवार्य रुपमा दस्तखत गर्नु पर्नेछ ।

३.दरभाउपत्र पेश गर्दा दरभाउपत्रदाताले कम्पनी रजिष्टारको कार्यालय वा घरेलु तथा साना उद्योग वा वाणिज्य विभागको कार्यालयमा दर्ताको प्रमाण पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र/ स्थायी लेखा दर्ता नम्बर (PAN) र अघिल्लो आ.व. २०७४/७५ को कर तिरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ । कम्पनीको हकमा उपरोक्त अनुसारको कागजातको साथै प्रवन्धपत्र, नियमावलीको प्रतिलिवि दरभाउपत्र कागजातका साथ पेश गर्नुपर्नेछ ।

४. दरभाउपत्रदाताले रु.१६,०००/-नेपाल बैंक लिमिटेड, काठमाडौं बैकिङ्ग स्थित खाता नं.००२००१०६७११२८००००००१नगद जम्मा (भौचरमा रकम जम्मा गदाMaintenance Free VRLA 75 Ah/ 12V ब्याट्रि३२ थान आपूर्तिकोदरभाउपत्र वापत लेखी दरभाउपत्रदाताको नाम खोल्नु पर्नेछ ) गरेको सक्कल भौचर वा सो वरावरको रकम न्यूनतम ७५ दिन अवधि भएको अन्य वाणिज्य बैंकको बिड बण्ड जमानत अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।७५ दिन भन्दा कम अवधिको बैंक जमानत संलग्न भएको दरभाउपत्र स्वतः रद्द हुनेछ ।

५.दरभाउपत्र बुझाउँदा बैंकले उपलब्ध गराएको सम्पूर्ण दरभाउपत्र फारामनै (नियम एवं शर्त सुविधा र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । दरभाउपत्र फारामको प्रत्येक पेजको पुछारमा दरभाउपत्रदाताले सही गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

६.रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्र तथा दरभाउपत्रदाताले कुनै शर्त राखी पेश गरेको दरभाउपत्रलाई मान्यता दिइने छैन ।

७. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र बुझाउने अन्तिम दिनवाट ४५ दिनको हुनेछ ।

८. दरभाउपत्र यस सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयसम्म यस विभागबाट उपलब्ध हुने दरभाउपत्र फारम खरिद गरी १६ औं दिन (२०७६/०६/०८) को विहान ११:३० बजे सम्म बुझाई सक्नु पर्नेछ र प्राप्त दरभाउपत्रहरु सोहिदिनको १२:३० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस बैंकको प्रधान कार्यालय स्थित सामान्य सेवा विभागमा खोलिनेछ । यदि दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । उक्त दरभाउपत्रहरु विना कारणस्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

९.दरभाउपत्र बुझाउने अन्तिम दिन विदा परेमा वा कार्यालय वन्द रहेमा सो को भोलिपल्टको दिन दरभाउपत्र पेश गर्ने अन्तिम दिन मानिनेछ र दरभाउपत्र खोलिने दिन पनि विदा परेमा सोही बमोजिम हुनेछ ।

१०.यस बैंकबाट खरिद गरिने Maintenance Free VRLA 75 Ah/ 12V ब्याट्रि३२ थान को specificationएवं विस्तृत विवरण बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनु पर्ने ।

११. दरभाउपत्रदाता सरकारी कार्यालय, बैंक तथा बित्तीय संस्थाको कालो सूचीमा नपरेको भनि लिखित रुपमा स्वघोषणा उपलब्ध गराउनु पर्नेछ ।

१२.अन्य व्यहोरा दरभाउपत्र आवेदन फारममा संलग्न कागजात अनुसार हुनेछ । कुनै थप जानकारीकोलागिकार्यालय समय भित्र यस बैंकको सामान्य सेवा विभागमा सम्पर्क गरि प्राप्त गर्न सकिनेछ ।